# बाल न्याय सम्पादन कार्यविधि, २०८०

बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ८६ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी सर्वोच्च अदालतले देहायको कार्यविधि बनाएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "बाल न्याय सम्पादन कार्यविधि, २०८०" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "अदालत" भन्नाले ऐनको दफा ३० को उपदफा (१) बमोजिम गठन भएको बाल अदालत सम्झनुपर्छ र सो शब्दले सोही दफाको उपदफा (३) बमोजिमको बाल इजलासलाई समेत जनाउँछ।

(ख) "ऐन" भन्नाले बालबालिका सम्बन्धी ऐन, २०७५ सम्झनुपर्छ।

(ग) "नियमावली" भन्नाले बाल न्याय सम्पादन (कार्यविधि) नियमावली, २०७६ सम्झनुपर्छ।

(घ) "बालबालिका" भन्नाले अठार वर्ष उमेर पूरा नगरेको व्यक्ति सम्झनुपर्छ।

## परिच्छेद-२

## बाल न्याय सम्पादन गर्दा विचार गर्नुपर्ने कुराहरु

३. **बालबालिकाको धारणा बुझ्ने : (१)** ऐनको दफा २० को खण्ड (क) बमोजिम अदालतले बाल न्याय सम्पादनका क्रममा बालबालिकालाई असर पर्ने कुनै निर्णय गर्नुअघि निजको धारणा बुझ्दा कारबाहीका कुनै पनि चरणमा निजको हक हितमा प्रतिकूल असर पर्ने कुराका बारेमा सोधपुछ गर्न निजलाई बाल सुधार गृहमा रहेको भए सो गृहमार्फत र अभिभावक वा संरक्षक वा अन्य व्यक्ति वा संस्थाको जिम्मा रहेको भए निजहरुमार्फत पत्र वा टेलिफोन वा मोबाइल म्यासेज लगायतका माध्यमबाट सूचना दिन सक्नेछ। यसरी सूचना दिएको कुराको अभिलेखीकरण गरी मिसिल सामेल गरी राख्नु पर्नेछ।

(२) अदालत रहेको जिल्ला स्थित बाल सुधार गृह वा संस्थामा कानुनको विवादमा परेका बालबालिका रहेको भए अदालतमा उपस्थित गराई र अन्य जिल्ला स्थित बाल सुधार गृह वा संस्था वा अभिभावक वा संरक्षक वा अन्य व्यक्तिको जिम्मामा भएमा पत्राचार वा टेलिफोन वा भिडियो कन्फरेन्स मार्फत धारणा बुझ्ने प्रबन्ध मिलाउन सकिनेछ।

(३) बालबालिकालाई धारणा ब्यक्त गर्न अदालतमा उपस्थित गराइएमा अदालतमा र भिडियो कन्फ्रेन्स वा टेलिफोन मार्फत धारणा व्यक्त गर्न चाहेको भए सो कन्फ्रेन्स वा टेलिफोनमा निजलाई असर पर्ने कुरा सम्झाई बुझाई निजको धारणा बुझी अभिलेखीकरण गर्नु पर्नेछ।

(४) बालबालिकाको धारणा बुझ्ने प्रयोजनका लागि अभियोगपत्र दायर गर्दाकै अवस्थामा बाल सुधार गृहमा रहेको भए सो गृहको र अन्य व्यक्ति वा संस्थामा रहेको भए त्यस्तो व्यक्ति वा संस्था वा आमा बाबु वा अन्य सदस्य वा अभिभावक वा संरक्षकको टेलिफोन इमेलसमेतका सम्पर्क राख्न सकिने विवरण पनि खुलाउन लगाउनु पर्नेछ।

४. **बाबु आमा वा संरक्षकले भनाइ राख्नेः** (१) ऐनको दफा २० को खण्ड (ख) बमोजिम अदालतले बाल न्याय सम्पादनका क्रममा बालबालिकाको हित र स्वार्थ जोडिएको कुनै पनि विषयमा निर्णय गर्नुअघि निजको आमा, बाबु, परिवारका अन्य सदस्य वा संरक्षकलाई आफ्नो भनाइ राख्ने अवसर दिने प्रयोजनका लागि म्याद तोकी लिखित जानकारी वा टेलिफोन वा मोबाइल म्यासेज लगायतका माध्यमबाट उपस्थित हुन सूचना दिन सक्नेछ। यसरी सूचना दिएको कुराको अभिलेखीकरण गरी प्रमाणित गरी राख्नु पर्नेछ।

(२) अदालतले उपदफा (१) बमोजिम दिएको सूचनामा बालबालिकाको आमा, बाबु, परिवारका अन्य सदस्य वा संरक्षक उपस्थित हुन आएमा निजलाई बालबालिकाको हित र स्वार्थ जोडिएको कुराका सम्बन्धमा सोधपुछ गरी निजको भनाइलाई अभिलेखीकरण गरी प्रमाणित गर्नु पर्नेछ।

५. **दोभाषेको सहयोग लिनेः** (१) ऐनको दफा २० को खण्ड (घ) बमोजिम बालबालिकाले गरेको कसूरजन्य कार्यको अनुसन्धान गर्ने निकाय तथा अदालतले बालबालिकासँग सोधपुछ वा सम्वाद गर्दा आवश्यकता अनुसार दोभाषेको सहयोग लिनका लागि अनुसन्धान गर्ने निकाय र अदालतले उपलब्ध भएसम्म विभिन्न भाषाका दोभाषेको नामावली सूचीकृत गरी समय समयमा अद्यावधिक गर्नु पर्नेछ। त्यसरी सूचीकृत गर्दा स्थानीय तहको बाल कल्याण अधिकारीसँग समन्वय गर्न सकिनेछ।

(२) बालबालिकाले गरेको कसूरजन्य कार्यको अनुसन्धान गर्ने निकाय तथा अदालतले दोभाषेको सेवा लिएबापत निजलाई सेवा दिएको प्रत्येक दिनका लागि यातायात खर्च बापत **एक हजार रुपैयाँ** उपलब्ध गराउनेछ।

(३) दोभाषेको सेवा लिएकोमा तत्सम्बन्धी लिखतमा निजको समेत दस्तखत गराउनु पर्नेछ।

## परिच्छेद-३

## अनुसन्धान र अभियोजन सम्बन्धी व्यवस्था

६. **बालबालिकालाई नियन्त्रणमा लिँदा ध्यान दिनु पर्ने कुराः** (१) बालबालिकालाई कसूरजन्य कार्यको अनुसन्धानका लागि अनुसन्धान अधिकारीले ऐनको दफा २१ को उपदफा (१) बमोजिम नियन्त्रणमा नलिई नहुने कुराको निक्यौंल गर्दा देहायका कुराहरुका आधारमा गर्नु पर्नेछः-

(क) निज भागी जाने संभावना रहेको वा नरहेको,

(ख) स्थानीय समुदाय वा पीडितलाई निजको समुदायमा उपस्थितिबाट प्रतिकूल असर पर्ने अवस्था रहेको वा नरहेको,

(ग) निजको जीउज्यान जोखिममा पर्नसक्ने सम्भावना रहे वा नरहेको,

(घ) निजद्वारा पीडित वा अरु कसैलाई हानि नोक्सानी पुऱ्याउन सक्ने सम्भावना रहे वा नरहेको।

(२) कसूरजन्य कार्यको अनुसन्धानका लागि बालबालिकालाई नियन्त्रणमा लिएकोमा अनुसन्धान अधिकारीले सो को जानकारी ऐनको दफा २१ को उपदफा (३) बमोजिमका व्यक्तिका अतिरिक्त सम्बन्धित अदालतको वैतनिक कानुन व्यवसायीलाई समेत दिनु पर्नेछ।

(३) ऐनको दफा २१ को उपदफा (२) बमोजिम बालबालिकाको हक हित संरक्षण गर्ने संस्था वा व्यक्तिको जिम्मा लगाउने प्रयोजनका लागि अनुसन्धान अधिकारीले त्यस्तो संस्था वा व्यक्तिको सूची जिल्लामा रहेको स्थानीय तहका बाल कल्याण अधिकारीबाट माग गरी समय समयमा अद्यावधिक गरी राख्नु पर्नेछ।

(४) बालबालिकालाई नियन्त्रणमा लिएकोमा ऐनको दफा २१ को उपदफा (५) बमोजिम बाल मनोविज्ञ वा बालहित सम्बन्धी काम गर्ने व्यक्तिसँग सम्पर्क गराउन सम्भव रहे नरहेको कुराको निक्यौंल गर्दा नियन्त्रणमा लिएको स्थानमा त्यस्तो बाल मनोविज्ञ वा बालहित सम्बन्धी काम गर्ने व्यक्ति उपलब्ध हुन सक्ने वा नसक्ने कुराको आधारमा गर्नु पर्नेछ। त्यस्तो व्यक्तिसँग सम्पर्क हुन सक्ने अवस्था भई परामर्श गराएको भए सो को अभिलेखीकरण र उपलब्ध हुन नसक्ने अवस्थामा अनुसन्धान अधिकारीले सोही बेहोरा उल्लेख गरी मिसिल सामेल राख्नु पर्नेछ।

(५) ऐनको दफा २१ को उपदफा (५) तथा दफा २२ को उपदफा (३) को प्रयोजनका लागि बाल मनोविज्ञ, वा बाल हितसम्बन्धी काम गर्ने व्यक्ति र मनोसामाजिक सहयोग उपलब्ध गराउने व्यक्ति वा संस्थाको सूची जिल्लामा रहेको स्थानीय तहका बाल कल्याण अधिकारीबाट माग गरी अनुसन्धान अधिकारीले आफू कार्यरत कार्यालयमा सूचीकृत गरी समय समयमा अद्यावधिक गरी राख्नु पर्नेछ।

७. **<u>यथाशक्य छिटो अनुसन्धान पुरा गर्नुपर्नेः</u>** (१) नियन्त्रणमा लिएको बालबालिकालाई अदालतको अनुमति लिई एक्काइस दिनसम्म निगरानी कक्षमा राख्न सकिने भए पनि कसूरजन्य कार्यको प्रकृतिका आधारमा यथासक्य छिटो अनुसन्धान कार्य पूरा गर्नु पर्नेछ।

(२) कानुनको विवादमा परेका बालबालिकालाई नियन्त्रणमा लिएपछि अनुसन्धान अधिकृतले निगरानी कक्षमा राख्न अनुमतिको लागि पेस गर्दा सकभर उमेर पुगेका व्यक्तिसँग नराखी छुट्टै र बालमैत्री वातावरणमा अदालतमा पेस गर्नु पर्नेछ।

८. **<u>बालबालिकालाई सोधपुछः</u>** (१) ऐनको दफा २१ को उपदफा (९) र नियमावलीको नियम ८ बमोजिम बालबालिकालाई अनुसन्धान अधिकारीले सोधपुछ गर्नुअघि रोहबरमा बस्नको लागि निजको आमा, बाबु, परिवारका अन्य सदस्य वा संरक्षक वा बालकल्याण अधिकारी वा निजको कानुन व्यवसायीलाई टेलिफोन वा मोबाइल म्यासेज लगायतका माध्यमबाट उपस्थित हुन सूचना दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सूचना दिँदा पनि निजहरु उपस्थित हुन नआएमा वैतनिक कानुन व्यवसायीलाई रोहबरमा राखी बालबालिकालाई सोधपुछ गर्न सकिनेछ।

९. **<u>निगरानी कक्षमा रहेको बालबालिकालाई परामर्श र मनोसामाजिक सहयोग उपलब्ध गराउनेः</u>** (१) निगरानी कक्षमा रहेको बालबालिकालाई ऐनको दफा २२ को उपदफा (३) बमोजिम बाल मनोविज्ञको परामर्श वा मनोसामाजिक सहयोग उपलब्ध गराउँदा अनुसन्धान अधिकृतले दफा ६ को उपदफा (५) बमोजिम सूचीकृत व्यक्तिहरुबाट गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम परामर्श उपलब्ध गराएको भए सो को अभिलेख मिसिल सामेल गर्नु पर्नेछ र त्यस्ता व्यक्ति उपलब्ध हुन नसक्ने अवस्थामा अनुसन्धान अधिकारीले सोही बेहोराको प्रतिवेदन मिसिल सामेल राख्नु पर्नेछ।

१०. **<u>निगरानी कक्षमा परिवारको सदस्य रहेको विवरण राख्नुपर्नेः</u>** ऐनको दफा २२ उपदफा (४) बमोजिम बालबालिकाको परिवारको कुनै सदस्य निगरानी कक्षमा बालबालिका संगै बसेको भएमा अनुसन्धान अधिकारीले सोको विवरण सहितको अभिलेख मिसिल सामेल राख्नु पर्नेछ।

११. **<u>अभियोगपत्रमा खुलाउनुपर्ने कुराहरुः</u>** अभियोजनकर्ताले नियमावलीको नियम १० को उपनियम (२) बमोजिम अदालतमा अभियोगपत्र दर्ता गर्दा प्रचलित कानुन बमोजिम खुलाउनुपर्ने कुराहरुका अतिरिक्त यथासम्भव देहायका कुराहरुसमेत खुलाउनु पर्नेछः-

(क) बाल मनोविज्ञ वा बाल हित सम्बन्धी काम गर्ने व्यक्ति र मनोसामाजिक सहयोग उपलब्ध गराउने व्यक्तिको परामर्श लिए नलिएको र लिएको भए सो सम्बन्धी कुराहरु,

(ख) पीडित प्रभाव प्रतिवेदन र सामाजिक अध्ययन प्रतिवेदनका कुरा,

(ग) पीडित र बालबालिकाको अभिभावकको टेलिफोन सहितको सम्पर्क माध्यम,

(घ) उमेर पुगेका व्यक्ति समेत प्रतिवादी भई पक्राउ परेको भएमा निजलाई पनि छुट्टै मिसिलसाथै ल्याएको कुरा वा फरार रहेकोमा तत्सम्बन्धी कुरा,

(ङ) कसूरबाट पीडितलाई पुग्न गएको क्षतिको विस्तृत विवरण।

## परिच्छेद-४

## अभियोगपत्र दायर भएपछिको प्रारम्भिक कारबाही

**१२. टेलिफोन नम्बर अभिलेखीकरण गर्नुपर्ने:** अभियोगपत्र दायर भएपछि अदालतले अभियोगपत्रमा खुलाइएको पीडित र कानुनको विवादमा परेको बालबालिकाको आमा, बाबु, परिवारको अन्य सदस्य वा संरक्षक र निजहरु नभए बालबालिकाको हक हितको संरक्षण गर्ने संस्था वा व्यक्तिको टेलिफोन सहितको सम्पर्क माध्यम अनिवार्य रुपमा अदालतको मुद्दा व्यवस्थापन सम्बन्धी सफ्टवेरमा प्रविष्ट गराई सो बेहोरा स्रेस्तेदारले प्रमाणित गरी मिसिल संलग्न राख्नु पर्नेछ।

**१३. अभिभावकलाई अभियोगपत्रको प्रतिलिपि दिने कार्यविधि:** (१) नियमावलीको नियम १२ को उपनियम (१) बमोजिम अदालतले बालबालिकाको आमा, बाबु, वा परिवारका सदस्य वा संरक्षकलाई अभियोगपत्र तथा तत्सम्बन्धी प्रमाणको प्रतिलिपि दिने प्रयोजनका लागि निजहरुलाई टेलिफोनबाट सूचना दिन सक्ने छ र त्यसरी दिएको सूचनाको अभिलेखीकरण गरी स्रेस्तेदारले प्रमाणित गर्नु पर्नेछ।

(२) नियमावलीको नियम १२ को उपनियम (३) बमोजिम बालबालिकाको बाबु, आमा वा परिवारका सदस्य वा संरक्षक नभेटिएको वा अभियोगपत्र र तत्सम्बन्धी प्रमाणको प्रतिलिपि बुझ्न नचाहेको अवस्था भई निजको कानुन व्यवसायी वा वैतनिक कानुन व्यवसायीलाई त्यस्तो प्रतिलिपि बुझाउनु पर्ने भएमा नभेटिएको वा नबुझेको बेहोरा खुलाई निजलाई बुझाई सोको निस्सा मिसिल संलग्न राख्नु पर्नेछ।

**१४. सोधपुछको प्रक्रिया :** (१) अदालतले कानुनको विवादमा परेका बालबालिकालाई सोधपुछ गर्दा कागजको शीर भागमा अदालतमा तोकिएको न्यायाधीशको इजलास कायम गरी सबाल जवाफ लेखी अदालतका अन्य सदस्य उपस्थित भएमा निजहरुको उपस्थिति अन्त्यमा लेखी बन्द बन्दमा समेत सही गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम तयार गरिएको कागजमा सोधपुछ सकिएपछि बालबालिकाको बाबु, आमा वा परिवारको अन्य सदस्य वा संरक्षक अदालतमा उपस्थित रहेको भएमा निजको र उपस्थित नरहेकोमा बालबालिकाको कानुन व्यवसायी वा वैतनिक कानुन व्यवसायीलाई रोहबरमा राखी सही गराउनु पर्नेछ।

**१५. पुर्पक्षमा जिम्मा लगाउने प्रयोजनका लागि सूचीकृत गर्ने:** ऐनको दफा २४ को उपदफा (३) बमोजिम बालबालिकाको हक हित संरक्षण गर्ने संस्था वा व्यक्तिको जिम्मा लगाउने प्रयोजनका लागि अदालतले त्यस्ता संस्था वा व्यक्तिको सूची जिल्लामा रहेको स्थानीय तहका बाल कल्याण अधिकारी वा केन्द्रीय

बाल न्याय समिति वा राष्ट्रिय बाल अधिकार परिषदबाट माग गरी सूचीकृत गरी समय समयमा अद्यावधिक गरी राख्नु पर्नेछ।

१६.**<u>पुर्पक्षमा जिम्मा लगाउँदा शर्त तोक्न सकिने कुराहरुः</u>** (१) ऐनको दफा २४ को उपदफा (३) को प्रतिबन्धात्मक वाक्यांश बमोजिम बालबालिकालाई बाल सुधार गृहमा राख्न उपयुक्त नहुने कुराको निर्धारण गर्दा देहायका कुरामा समेत विचार गर्नुपर्नेछः-

(क) बालकको शारीरिक वा मानसिक अवस्थालाई ध्यानमा राख्दा बाल सुधार गृहमा राख्न उपयुक्त छ वा छैन,

(ख) निजको उमेर विचार गर्दा बाल सुधार गृहमा राख्न उपयुक्त हुन्छ वा हुँदैन,

ग) कसूर गर्दाको परिस्थिति हेर्दा बाल सुधार गृहमा राख्न उपयुक्त हुन्छ वा हुँदैन,

(घ) कसूरको प्रकृति, गम्भीरता र पीडितलाई पुग्न गएको क्षति,

(ङ) निजबाट समाजमा थप भय, त्रास वा असुरक्षा सिर्जना हुने स्थिति छ वा छैन,

(च) निजका सम्बन्धमा अभिभावकको दृष्टिकोण,

(छ) निजको शारीरिक वा मानसिक विकासमा पर्न सक्ने प्रभाव,

(ज) निजलाई बाल सुधार गृहमा नराख्दा पीडितले अनुभव गर्न सक्ने असुरक्षा र भयको स्थिति छ वा छैन।

(२) उपदफा (१) बमोजिमका कुरा विचार गर्दा बालबालिकालाई बाल सुधार गृहमा राख्न उपयुक्त छैन भन्ने निष्कर्षमा पुगी बाबु, आमा, परिवारको अन्य सदस्य वा संरक्षक र निजहरु नभए बालबालिकाको हक हितको संरक्षण गर्ने संस्था वा व्यक्तिलाई जिम्मा लगाउँदा आवश्यकता र उपयुक्तता हेरी देहायका शर्त तथा यस्तै अन्य उपयुक्त शर्त तोक्न सकिनेछः-

(क) नियमित रुपमा विद्यालय जाने,

(ख) पीडित वा निजको परिवारसँग प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सम्पर्क नगर्ने,

(ग) अदालतको अनुमति बिना आदेशमा तोकिएको स्थान नछोड्ने,

(घ) असल आचरण र मानवीय व्यवहार प्रदर्शन गर्ने,

(ङ) धुम्रपान, मद्यपान वा लागु औषधको कुलतमा नलाग्ने,

(च) कुनै पनि माध्यमबाट पीडितलाई असर पर्ने गरी कुनै कुरा व्यक्त नगर्ने वा कुनै सामग्री प्रकाशन प्रशारण नगर्ने,

(छ) पीडितलाई अनुचित प्रभाव पार्न नपाइने,

(ज) अभिभावक वा संरक्षक बिना रात बिताउने गरी अन्यत्र जान नपाउने,

(झ) थप कसूर गर्नमा संलग्न हुन नहुने,

(ञ) पीडित छिमेकी भएमा बालबालिकालाई सो स्थानमा नराखी नातेदार वा अभिभावकले रोजेको अन्य स्थानमा राख्ने र

(ट) आफै वा अभिभावक मार्फत प्रोवेशन अधिकारी वा अन्य अधिकृतलाई आवधिक रुपमा आफ्ना गतिविधि बारे जानकारी गराउने।

(३) उपदफा (२) बमोजिमको शर्त पुर्पक्ष सम्बन्धी आदेशमा नै उल्लेख गर्नु पर्नेछ।

(४) ऐनको दफा २४ को उपदफा (३) बमोजिम बालबालिकालाई जिम्मा लगाउँदा त्यस्ता व्यक्ति, संस्था र बालबालिकालाई पुर्पक्ष सम्बन्धी आदेशमा तोकिएका शर्त सुनाइ त्यसको मतलब र शर्तहरु पालना नगरेमा हुने परिणाम समेत सम्झाइ बुझाइ सो शर्त पालना गर्ने गराउने कुराको कागज गराउनु पर्नेछ।

(५) उपदफा (१), (२) वा (४) बमोजिम बालबालिका जिम्मा लगाएको अवस्थामा अदालतले आवश्यकता अनुसार ऐनको दफा ७९ र नियमावलीको नियम ४३ को खण्ड (घ) बमोजिम प्रोवेशन अधिकारी वा अदालतको अन्य अधिकृतस्तरको कर्मचारीबाट आदेश कार्यान्वयनको स्थिति बारे प्रतिवेदन लिन सक्नेछ।

(६) उपदफा (४) बमोजिम जिम्मा लगाइएकोमा बालबालिका अध्ययनरत भएमा निज अध्ययनरत विद्यालयबाट र व्यक्ति वा संस्थाको जिम्मामा रहेको भए त्यस्तो जिम्मा लिने व्यक्ति वा संस्थाबाट अनुसूची-१ को ढाँचामा निजको चालचलन बारे मासिक रुपमा प्रतिवेदन लिनु पर्नेछ।

(७) उपदफा (१), (२) वा (४) बमोजिम जिम्मा लगाएको अवस्थामा अदालतले आवश्यकता अनुसार टेलिफोन वा स्थलगत अवलोकन वा यस्तै अन्य उपयुक्त माध्यमबाट समेत अनुगमन गर्न सक्नेछ।

## परिच्छेद-५

## पीडित तथा कानुनको विवादमा परेका बालबालिकाको अधिकार

१७. **पीडितका अधिकार बारे जानकारी दिने:** (१) अदालतले मुद्दा दर्ता भएपछि पीडितका अधिकार बारे जानकारी दिने प्रयोजनको लागि उपस्थित हुन पीडित बालबालिकाको बाबु, आमा, परिवारको अन्य सदस्य वा संरक्षक र निजहरु नभए बालबालिकाको हक हितको संरक्षण गर्ने संस्था वा व्यक्तिको दफा १२ बमोजिम उपलब्ध गराइएको फोन नम्बरमा टेलिफोन गरी वा म्यासेजबाट सूचना पठाउनेछ।

(२) उपदफा (१) बमोजिम फोन गर्दा वा म्यासेज पठाउँदा अदालतको सम्पर्क टेलिफोन नम्बर र सम्पर्क व्यक्तिको नाम समेत उपलब्ध गराई न्यायिक प्रक्रियाका बारेमा सोध्न सक्ने कुराको पनि जानकारी दिनु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको सूचनामा पीडित बालबालिकाको बाबु, आमा, परिवारको अन्य सदस्य वा संरक्षक र निजहरु नभए बालबालिकाको हक हितको संरक्षण गर्ने संस्था वा व्यक्ति उपस्थित हुन आएमा पीडित बालबालिकाको अधिकार तथा न्यायिक प्रक्रियाका बारेमा अनुसूची-२ बमोजिमको कागज दिई सोमा भएको कुराको मतलब समेत सम्झाई सो को निस्सा मिसिल सामेल गरी राख्नु पर्नेछ।

**१८. <u>पीडित तथा साक्षी संरक्षणः</u>** (१) पीडित वा अन्य कसैबाट निवेदन परी वा जानकारी हुन आई वा अदालतलाई लागेमा नियमावलीको नियम २४ को उपनियम (१) बमोजिम पीडित बालबालिका तथा साक्षी संरक्षणको लागि अदालतले आदेश दिँदा कारबाहीको जुनसुकै चरणमा ऐनको दफा २५ बमोजिमको विषयका अतिरिक्त देहायका विषय वा यस्तै अन्य उपयुक्त विषय खुलाइ आदेश दिन सक्नेछः-

(क) पीडक वा निजको संरक्षक वा अन्य कुनै व्यक्तिलाई पीडित र साक्षीसँग भेटघाट गर्न नदिने,

(ख) पीडित बालबालिका अभिभावकसँग रहेको र निजले पीडितलाई हानि गर्न सक्ने सम्भावना भएमा निजलाई बाल गृह वा बालबालिकाको हक हितको संरक्षण गर्ने संस्थामा राख्न लगाउने,

(ग) प्रहरीबाट सुरक्षा प्रदान गर्न लगाउने,

(घ) पीडकको उपस्थिति अप्रत्यक्ष तुल्याई निजको कानुन व्यवसायीलाई प्रतिनिधित्व गराउने,

(ङ) साक्षीको नाममा गोपनीयता कायम गर्ने,

(च) श्रव्य दृष्य (भिडियो कन्फ्रेन्सिङ्गको) माध्यमबाट बयान, बकपत्र गर्ने व्यवस्था मिलाउने,

(छ) पीडित वा बालबालिकाका साक्षी विरुद्ध कुनै कसूरजन्य काम भएको पाइएमा त्यस्तो व्यक्तिउपर प्रचलित कानुन बमोजिम अनुसन्धान गर्न सम्बन्धित अनुसन्धान अधिकृतलाई लेखी पठाउने।

(२) नियमावलीको नियम २४ को उपनियम (२) बमोजिम अदालतले पीडित बालबालिकाको पुनर्स्थापनाको आदेश दिँदा देहायका कुनै वा सबै कार्य गर्न वा यस्तै अन्य उपयुक्त कार्य गर्न आदेश दिन सक्नेछः-

(क) मनोसामाजिक परामर्श दिन,

(ख) निःशुल्क कानुनी सहायता दिन,

(ग) अन्तरिम राहत वा क्षतिपूर्ति दिन,

(घ) पठन पाठनको नियमितता गराउन,

(ङ) पारिवारिक संरक्षण र पुनर्मिलन गराउन,

(३) उपदफा (१) र (२) बमोजिमको आदेश कार्यान्वयनको अवस्थाको अनुगमनको लागि अदालतले सम्बन्धित स्थानीय तहको न्यायिक समिति वा वडा कार्यालयमा लेखी पठाउन र पीडितलाई समय समयमा बोलाएर सोधन सक्नेछ।

१९. **कानुनको विवादमा परेका बालबालिकाका अधिकार बारे जानकारी दिनेः** अदालतले मुद्दा दर्ता भएपछि कानुनको विवादमा परेका बालबालिकाका अधिकार तथा न्यायिक प्रक्रियाका बारेमा अनुसूची-३ बमोजिमको जानकारीको कागज त्यस्तो बालबालिकालाई दिई सोमा भएको कुराको मतलब पनि सम्झाई सो को निस्सा मिसिल सामेल राख्नु पर्नेछ।

२०. **कानुनको विवादमा परेका बालबालिकाको अधिकारको संरक्षणः** (१) कानुनको विवादमा परेको बालबालिका वा अन्य कसैबाट जानकारी हुन आई वा निवेदन परी वा अदालतलाई लागेमा नियमावलीको नियम २५ को उपनियम (१) बमोजिम बालबालिकाको अधिकार कार्यान्वयनको लागि आदेश दिँदा कारबाहीको जुनसुकै चरणमा ऐनको दफा २६ बमोजिम सुनुवाइको सिलसिलामा बालबालिकालाई प्राप्त अधिकारको संरक्षण वा पुनर्स्थापनाको लागि उपयुक्त आदेश दिन सक्नेछ।

(२) कानुनको विवादमा परेको बालबालिकाको सुरक्षा प्रबन्ध आवश्यक छ भन्ने कुरा त्यस्तो बालबालिका वा अन्य कसैबाट जानकारी हुन आएमा वा निवेदन परेमा वा अदालतलाई लागेमा अदालतले पीडित पक्षले निजलाई भेट्न नपाउने गरी वा प्रहरीलाई सुरक्षा प्रदान गर्न लगाउने गरी वा यस्तै अन्य प्रकृतिको आदेश गर्न सक्नेछ।

(३) नियमावलीको नियम २५ को उपनियम (२) बमोजिम अदालतले बालबालिकाको पुनर्स्थापनाको आदेश दिँदा देहायका कुरा वा यस्तै अन्य उपयुक्त आदेश दिन सक्नेछः

(क) मनोसामजिक परामर्श दिन,

(ख) पठन पाठनको नियमितता गराउन,

(ग) पारिवारिक संरक्षण र पुनर्मिलन गराउन।

(४) यस दफा बमोजिमको आदेश कार्यान्वयनको अनुगमनको लागि अदालतले सम्बन्धित स्थानीय तहको न्यायिक समिति वा वडा कार्यालयमा लेखी पठाउन र आदेश कार्यान्वयनको अवस्था बारे बालबालिकालाई समय समयमा बोलाएर सोधन सक्नेछ।

## परिच्छेद-६

## अदालतका न्यायाधीश तथा सदस्य र अधिकारक्षेत्र

२१. **न्यायाधीश तथा सदस्य तोक्ने:** (१) प्रधान न्यायाधीशले सम्बन्धित जिल्ला अदालतमा उपलब्ध जिल्ला न्यायाधीश मध्येबाट विषय विज्ञता र अनुभव समेतलाई विचार गरी बाल अदालतमा रहने जिल्ला न्यायाधीश तोक्नेछ।

(२) बाल अदालतमा रहने समाजसेवी र बाल मनोविज्ञ वा बाल विशेषज्ञ नियुक्ति गर्ने प्रयोजनको लागि नियमावलीको नियम १५ बमोजिम अदालतले आह्वान गरेको म्यादभित्र दरखास्त पर्न आएमा योग्यता र अनुभवको जाँचबुझ गरी अन्तरवार्ता समेत लिएर एक वा एकभन्दा बढी समाजसेवी र बाल मनोविज्ञ वा बाल विशेषज्ञको छनौट गर्न सकिनेछ।

(३) उपदफा (२) को प्रयोजनका लागि स्थानीय तहको स्थानीय बाल अधिकार समितिमा सूचीकृत भएको समाजसेवी र बाल मनोविज्ञ वा बाल विशेषज्ञको सूची अदालतले सम्बन्धित स्थानीय तहबाट झिकाई समय समयमा अद्यावधिक गर्नेछ।

(४) स्थानीय तहको स्थानीय बाल अधिकार समितिले समाजसेवी र बाल मनोविज्ञ वा बाल विशेषज्ञ सूचीकृत नगरेको भए तत्काल सूचीकृत गर्न सम्बन्धित समितिलाई अदालतले लेखी पठाउनु पर्नेछ। यसरी अदालतले लेखी पठाएकोमा त्यस्तो सूची तयार गर्ने र सूचीमा उल्लिखित समाजसेवी वा बाल मनोविज्ञ वा विशेषज्ञले पाउने सुविधा सम्बन्धमा व्यवस्था गर्नु सम्बन्धित समितिको कर्तव्य हुनेछ।

(५) कुनै अदालतमा एकभन्दा बढी समाजसेवी र बाल मनोविज्ञ वा बाल विशेषज्ञ रहेमा जिल्ला न्यायाधीशले गोला प्रणालीबाट समाजसेवी र बाल मनोविज्ञ वा विशेषज्ञको छनौट गर्नेछ। कुनै मुद्दामा एक पटक छनौट भइसकेपछि सोही व्यक्तिले नियमावलीको नियम १६ र नियम १७ को अधीनमा रही सो मुद्दामा हुने कारवाही र सुनुवाइ सम्बन्धी कार्य अन्तिमसम्म गर्नेछ।

तर कुनै मुद्दामा छनौट भएको समाजसेवी र बाल मनोविज्ञ वा बाल विशेषज्ञको अवधि समाप्त भएमा वा लामो अवधिसम्म उपस्थित हुन नसक्ने अवस्था परेमा अर्को व्यक्ति छनौट गर्न बाधा पर्ने छैन।

(६) अदालतले छनौट गरेका समाजसेवी तथा बालमनोविज्ञ वा बाल विशेषज्ञको पत्राचारको ठेगाना, टेलिफोन नम्बर, इमेल ठेगाना सहितको अद्यावधिक विवरण अदालतमा राख्नु पर्नेछ।

(७) उपदफा (६) बमोजिमको आफ्नो विवरणमा कुनै परिवर्तन भएमा सम्बन्धित समाजसेवी तथा बालमनोविज्ञ वा बाल विशेषज्ञले सोको जानकारी अदालतलाई तत्काल उपलब्ध गराउनु पर्नेछ।

२२. **अदालतको अधिकारक्षेत्र र यसको प्रयोग:** (१) ऐनको दफा ३० र दफा ७५ बमोजिम देहायका मुद्दाको शुरु कारबाही, सुनुवाइ र किनारा गर्ने अधिकार बाल अदालतलाई हुनेछः-

(क) बालबालिकाले गरेको कसूरजन्य कार्य सम्बन्धी मुद्दा,

(ख) बालबालिका सहित उमेर पुगेका व्यक्ति संलग्न रहेको कसूरजन्य कार्य सम्बन्धी मुद्दाका बालबालिकाको हकमा,

(ग) ऐनको दफा ६६ मा उल्लिखित बालबालिका विरुद्धका कसूर सम्बन्धी मुद्दा,

(घ) ऐनको दफा ७२ को उपदफा (८) बाहेक ऐन र नियमावली विपरीत कुनै काम गरेकोले सजाय गरिपाउँ भन्ने मुद्दा।

(२) नियमावलीको नियम १८ को उपनियम (३) मा उल्लिखित कानुनी प्रश्न भन्नाले कुनै कानुन बमोजिम कुनै कसूर कायम हुने वा नहुने भन्ने प्रश्न, हदम्याद हकदैया र क्षेत्राधिकारको प्रश्न तथा कुनै कसूरमा सजाय गर्दा कुन कानुन आकर्षित हुने वा के कति सजाय हुने भन्ने जस्ता विषयलाई सम्झनु पर्छ।

(३) नियमावलीको नियम १८ को उपनियम (४) बमोजिम समाजसेवी, बाल मनोविज्ञ वा बाल विशेषज्ञले सजाय निर्धारण सम्बन्धमा राय दिँदा देहायका कुरा समेत विश्लेषण गरी राय दिनु पर्नेछः-

(क) बालबालिकाले गल्ती गरेको महसुस गरे वा नगरेको,

(ख) निज सुध्रिएको वा नसुध्रिएको, सुध्रने सम्भावना रहेको वा नरहेको, निजको आचरण र अनुशासन,

(ग) बालबालिकाको सामाजिक तथा आर्थिक स्थिति, बौद्धिक क्षमता वा स्तर र कसूरजन्य कार्य गर्नुको कारण,

(घ) पीडित प्रतिको निजको दृष्टिकोण र निजबाट पीडित पक्ष तथा अन्य व्यक्तिलाई हानि हुन सक्ने वा नसक्ने तथा निजले पुन कसूर गर्ने सम्भावना रहे वा नरहेको,

(ङ) मुलुकी अपराध संहिता, २०७४ को दफा ३८ र दफा ३९ तथा फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा १३, १४ र दफा १५ एवं पीडित प्रभाव प्रतिवेदन तथा सजाय पूर्वको प्रतिवेदनका कुराको विश्लेषण र

(च) माथि उल्लिखित कुराका आधारमा हुनुपर्ने उपयुक्त सजाय, क्षतिपूर्ति तथा सुधार एवं सजायको बैकल्पिक उपाय सम्बन्धी राय।

(४) नियमावलीको नियम १८ को उपनियम (५) बमोजिम कुनै समाजसेवी तथा बाल मनोविज्ञ वा बाल विशेषज्ञले मुद्दामा सहभागी हुन नपाउने अवस्था परेमा अदालतमा सूचीकृत रहेका अन्य समाजसेवी तथा बाल मनोविज्ञ वा बाल विशेषज्ञलाई न्यायाधीशले तोक्नेछ।

तर अदालतमा अन्य समाजसेवी तथा बाल मनोविज्ञ वा बाल विशेषज्ञ सूचीकृत नरहेको अवस्थामा न्यायाधीश र सहभागी हुने अर्को सदस्य भएमा निजहरुले र अर्को सदस्य पनि नभएमा वा उपस्थित हुन नआएमा न्यायाधीशले मात्र मुद्दाको कारबाही सुनुवाइ र किनारा गर्न बाधा पर्ने छैन।

(५) सम्बन्धित समाजसेवी तथा बाल मनोविज्ञ वा बाल विशेषज्ञ जिल्ला मुकाम बाहिर वा मुलुक बाहिर जानु पर्ने भएमा सम्बन्धित अदालतलाई सो कुराको जानकारी गराउनु पर्नेछ र त्यस्तो जानकारी प्राप्त भएमा अदालतले पनि निजहरु उपस्थित हुनु पर्ने मुद्दाको पेसी सम्भव भए निजहरु फर्की आउने समयलाई विचार गरी मिलाउन सक्नेछ।

तर लामो अवधि उपस्थित हुन नसक्ने अवस्था परेमा निजको उपस्थिति नभए पनि कारबाही र सुनुवाइ गर्न बाधा पर्ने छैन।

## परिच्छेद-७

## सुनुवाइ सम्बन्धी व्यवस्था

२३. **उमेर पुगेका व्यक्ति संलग्न भएकोमा मुद्दाको कारबाही:** कुनै कसूरजन्य कार्यमा बालबालिका र उमेर पुगेका व्यक्ति दुवै संलग्न रही निजहरु उपर छुट्टा छुट्टै मिसिल खडा गरी अभियोजन गरिने भए पनि उमेर पुगेका व्यक्तिको मुद्दाको कारबाही र किनारा सम्भव भएसम्म छुट्टै इजलास कायम गरी अदालतमा रहने न्यायाधीशबाट सकेसम्म सोही दिन गर्नु पर्नेछ।

२४. **बन्द इजलासको व्यवस्थापन:** (१) नियमावलीको नियम २० बमोजिम बन्द इजलासमा सुनुवाइ गर्दा बन्द इजलासमा सुनुवाइ भएको कुरा सबैलाई थाहा जानकारी हुने गरी इजलासको निर्देशनमा इजलास अधिकृतले इजलासको प्रवेश द्वारमा नै बन्द इजलास लागेको सूचना टाँस गरी इजलासले अनुमति दिएका व्यक्ति बाहेक अन्य व्यक्ति प्रवेश गर्न नपाउने कुराको सुनिश्चितता गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम बन्द इजलासमा सुनुवाइ गर्दा इजलासमा उपस्थित हुन चाहने व्यक्तिको संख्या धेरै भई इजलासमा भीडभाड हुने अवस्था भएमा व्यक्तिको संख्या सीमित गर्न इजलासले आवश्यक ठानेमा आलोपालो गरी एक पटकमा कानुनको विवादमा परेको बालबालिका र पीडितको तर्फबाट एक एक जना व्यक्ति तथा एक एक जना कानुन व्यवसायीलाई मात्र इजलासमा उपस्थित हुन अनुमति दिन सक्नेछ।

(३) बन्द इजलासबाट सुनुवाइ भएको मुद्दाको कागजातको प्रतिलिपि सम्बन्धित बालबालिका, निजका आमा, बाबु, परिवारका सदस्य वा संरक्षक, निजका कानुन व्यवसायी, पीडित पक्ष र निजका कानुन व्यवसायी तथा सरकारी वकील बाहेक अन्य कुनै व्यक्तिलाई दिनु हुँदैन।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानुन बमोजिम गोप्य राख्नुपर्ने लिखतको प्रतिलिपि कसैलाई पनि उपलब्ध गराउन हुँदैन।

(५) उपदफा (३) बमोजिम कागजातको प्रतिलिपि लिएका कुनै पनि व्यक्तिले त्यस्तो कागजात सार्वजनिक गर्न वा त्यस्तो मुद्दाको तथ्य खुलाई कुनै पनि आम सञ्चारको माध्यममा समाचार सम्प्रेषण गर्न हुँदैन।

तर अदालतको स्रेस्तेदारले अनुमति दिएमा कसूरजन्य कार्यको आरोप लागेका बालबालिका वा पीडित बालबालिकाको परिचय नखुल्ने गरी समाचार सम्प्रेषण गर्न सकिनेछ।

(६) नियमावलीको नियम २० को उपनियम (४) बमोजिम बालबालिकालाई सोधपुछ गर्दा, निजको आमा, बाबु, परिवारका सदस्य, संरक्षक उपस्थित भएमा निजलाई रोहबरमा राखी सहिछाप गराउनु पर्नेछ।

२५. **कसूरजन्य कार्य बारे जानकारी दिने:** (१) नियमावलीको नियम २१ को उपनियम (२) बमोजिम अदालतले बालबालिकालाई जानकारी दिँदा निजले बुझ्ने भाषामा निज उपर के कस्तो कसूरजन्य कार्य गरेको भनी आरोप लागेको हो, निज उपर अभियोगपत्रमा के कस्तो सजायको मागदाबी रहेको छ र निज बिरुद्ध के कस्ता साक्षी प्रमाण रहेका छन् भनी विस्तृत रुपमा जानकारी दिनु पर्नेछ। त्यसरी जानकारी दिएको कुराको निस्सा मिसिल सामेल राख्नु पर्नेछ।

(२) नियमावलीको नियम २१ को उपनियम (३) र (४) बमोजिम कानुनको विवादमा परेको बालबालिका वा पीडित पक्षलाई निजको कुनै भनाइ भए राख्नका लागि इजलासबाट अवसर दिनु पर्नेछ। त्यसरी अवसर दिँदा निजहरुले कुनै भनाइ राखे नराखेको र राखेकोमा त्यस्तो भनाइको बेहोरा समेत आदेश वा फैसलामा जनाउनु पर्नेछ।

२६. **प्रमाण पेस गर्न निवेदन दिने:** (१) नियमावलीको नियम २२ को उपनियम (१) बमोजिम आफूसँग भएको प्रमाण बुझी पाउन कसैले निवेदन दिन चाहेमा फैसला हुनुभन्दा अघि मुद्दाको कारबाही जुनसुकै चरणमा भए पनि निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) अनुसार दिएको निवेदन यथाशीघ्र इजलास समक्ष पेस गर्नु पर्नेछ।

(३) अदालतले निवेदन माग अनुसार प्रमाण पेस गर्न अनुमति दिएमा अर्को पक्षलाई तत्सम्बन्धमा त्यसपछिको तारिख वा पेसीका दिन प्रतिक्रिया व्यक्त गर्न जानकारी दिई सो बमोजिमको प्रतिक्रिया प्राप्त भएमा मिसिलमा समावेश गर्नुपर्नेछ।

२७. **निरन्तर सुनुवाइ:** (१) ऐनको दफा ३७ बमोजिम निरन्तर सुनुवाइ गर्दा अभियोग पत्रसाथ साक्षी उपस्थित गराएको भए त्यस्ता साक्षीका हकमा थुनछेक आदेश समाप्त हुनासाथ उपस्थित गराउन लगाई बकपत्र गराउनु पर्नेछ।

(२) उपदफा (१) बाहेकका अन्य अवस्थामा प्रतिवादी चुक्ता भएको मितिले सात दिनभित्र साक्षी प्रमाण बुझ्ने आदेश गरी निरन्तर सुनुवाइको प्रक्रिया प्रारम्भ गर्नुपर्नेछ।

(३) अभियोगपत्र दर्ता हुनासाथ अनुसूची-४ बमोजिमको ढाँचामा कार्यतालिका निर्माण गरी पक्षलाई समेत उपलब्ध गराउनु पर्नेछ।

२८. **<u>मनोसामाजिक तथा मनोबैज्ञानिक प्रतिवेदन पेस गर्न लगाउनेः</u>** अनुसन्धान अधिकृतले बालबालिकालाई निगरानी कक्षमा राख्ने अनुमति माग गरेमा अदालतले ऐनको दफा ४५ बमोजिमको मनोवैज्ञानिक तथा मनोसामाजिक प्रतिवेदन पेस भए नभएको हेरी पेस नभएको भए सो प्रतिवेदन पेस गर्न आदेश गर्नु पर्नेछ।

## परिच्छेद-८

## <u>बाल मैत्री वातावरण</u>

२९. **<u>बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिनेः</u>** (१) बालबालिका संलग्न रहेको मुद्दामा अनुसन्धान र अभियोजन गर्ने निकाय तथा अदालतले बाल न्याय सम्पादन गर्दा बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिनु पर्नेछ।

(२) बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिँदा बालबालिका सम्बन्धी नियमावली, २०७८ को नियम १५ मा उल्लिखित कुरालाई आधार लिन सकिनेछ।

३०. **<u>बाल मैत्री जनशक्तिको व्यवस्थापनः</u>** (१) ऐनको दफा २० को खण्ड (ग) बमोजिम बालबालिकाले गरेको कसूरजन्य कार्यको अनुसन्धान, अभियोजन र अदालतमा कार्यरत कर्मचारीका लागि समय समयमा बालबालिकाको उमेर, बौद्धिक विकासको स्तर, आस्था र सांस्कृतिक मूल्य मान्यता अनुरुपको बोली, बचन लगायतका बाल मैत्री व्यवहार सम्बन्धमा अभिमुखीकरण तथा तालिम कार्यक्रम सञ्चालन गर्नु पर्नेछ।

(२) कानुनको विवादमा परेका बालबालिकाको कसूरजन्य कार्यको अनुसन्धान गर्ने निकाय तथा अदालतमा कर्मचारी तोक्दा उपलब्ध भएसम्म बालमैत्री व्यवहार सम्बन्धमा तालिम प्राप्त कर्मचारीलाई तोक्न सक्नेछ।

३१. **<u>अदालतले बालबालिकालाई सोधपुछ गर्दा विचार गर्नुपर्ने कुराः</u>** बालबालिकालाई सोधपुछ गर्दा अदालतले नियमावलीको नियम ८ बमोजिम विचार गर्नुपर्ने कुरालाई अनुसरण गर्नुका साथै देहायको कुरामा समेत ध्यान दिनु पर्नेछः-

(क) सोधपुछ गर्दा यथाशक्य निजसँग घुलमिल भएका परिचित व्यक्तिलाई साथमा राख्ने व्यवस्था मिलाउने,

(ख) बालबालिकाको अभिभावकको उपस्थिति हुने वातावरण कायम गर्ने,

(ख) सुरक्षा संवेदनशीलताको अवस्था बाहेक सोधपुछ कक्षमा प्रहरीको उपस्थितिलाई निषेध गर्ने,

(ग) प्रहरी कर्मचारीको उपस्थिति गराउनु पर्ने अवस्थामा पनि सादा पोशाकमा उपस्थित हुने प्रबन्ध मिलाउने,

(घ) सोधपुछ कक्षमा बालबालिकाको उमेर सुहाउँदो बाल सामग्रीको व्यवस्था गर्ने,

(ङ) सोधपुछमा संलग्न हुने कर्मचारी पनि सम्बन्धित बालबालिकासँग परिचित हुने र घुलमिल हुने प्रयास गर्ने,

(च) बालबालिकासँग सोधपुछ गर्नु पर्दा यथाशक्य बाल न्याय सम्बन्धी प्रशिक्षण लिएका महिला कर्मचारी भए निज वा त्यस्तो प्रशिक्षण लिएका अन्य कर्मचारीबाट लिन लगाउने,

(छ) बालबालिकासँग सोधपुछ गर्नु पर्दा बाल मनोवैज्ञानिक वा बालबालिकासँग सहज रुपमा सम्वाद गर्न सक्ने अन्य व्यक्तिलाई पनि बाल अदालतले तोक्न सक्ने,

(ज) नेपाली भाषा बुझ्न नसक्ने बालबालिका भए दोभाषेको सुविधा उपलब्ध गराउने।

**३२. <u>बाल मैत्री वातावरणः</u>** (१) अदालतले मुद्दाको सुनुवाइमा बाल मैत्री वातावरण कायम गर्दा दफा ३१ र ऐनको दफा २६ को उपदफा (१) को खण्ड (ज)मा उल्लिखित कुराका अतिरिक्त देहायका कुरा समेत अवलम्बन गर्न सक्नेछः-

(क) दफा ३३ बमोजिमको इजलास संरचना कायम गरी सुनुवाइ गर्ने,

(ख) बालबालिकाको कानुन व्यवसायी वा सो नभए वैतनिक कानुन व्यवसायीलाई सुनुवाइमा निजको तर्फबाट बहस पैरवीमा संलग्न गराउने,

(ग) अदालतले बाल मैत्री वातावरण कायम गर्न उपयुक्त सम्झेका अन्य कुरा।

(२) ऐनको दफा ३४ को उपदफा (२) बमोजिम सुनुवाइमा बालबालिकालाई सहभागी गराउन निजलाई पेसीको सूचना दिनु पर्नेछ। बालबालिकाले लेखेर वा सुधार गृहका वार्डेन मार्फत टेलिफोन वा म्यासेज गरेर पनि आफ्नो धारणा व्यक्त गर्न सक्नेछ।

(३) पुर्पक्षका क्रममा बालबालिका बाल सुधार गृहमा नरही अभिभावक वा अन्य व्यक्तिसँग रहेमा त्यस्तो अभिभावक वा व्यक्ति तथा पीडितलाई टेलिफोन वा म्यासेज लगायतका विद्युतीय माध्यमबाट समेत पेसीको सूचना दिन सकिनेछ।

(४) सुनुवाइका क्रममा कानुनको विवादमा परेका बालबालिका तथा पीडित बालबालिका उपस्थित भएमा निजले कुनै भनाइ राख्न चाहेमा निजको भनाइलाई अभिलेखीकरण गरी मिसिल सामेल राख्नु पर्नेछ।

**३३. <u>छुट्टै प्रकृतिको इजलास संरचना बनाउनेः</u>** (१) अदालतले यथासम्भव अन्य सामान्य मुद्दामा प्रयोग हुने प्रकृतिको इजलासको संरचनामा बालबालिकाको मुद्दा सुनुवाइ नगरी बालमैत्री अनुकूलको छुट्टै इजलासको संरचना कायम गर्नु पर्नेछ।

(२) अदालतमा छुट्टै प्रकृतिको बाल इजलासको संरचना नभएमा न्यायाधीशको चेम्बर वा अदालतको बैठक कक्षलाई नै इजलास कायम गर्न सकिनेछ।

## परिच्छेद-९

## सजाय स्थगन, सजायको स्वरुप र सुधार अवधि

३४. **सजाय स्थगनको शर्त तोक्नेः** अदालतले ऐनको दफा ३६ को उपदफा (५) बमोजिम शर्त तोक्दा देहायका शर्त वा यस्तै अन्य आवश्यक कुरा फैसला गर्दाकै अवस्थामा तोक्न सक्नेछ। यसरी शर्त तोक्दा के कति अवधिसम्म सजाय स्थगन गर्ने हो भन्ने समेत फैसलामा खुलाउनु पर्नेछ।

(क) नियमित रुपमा विद्यालय जाने,

(ख) पीडित वा निजको परिवारसँग प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सम्पर्क नगर्ने,

(ग) अदालतको अनुमति बिना कुनै स्थान नछोड्ने,

(घ) असल आचरण र मानवीय व्यवहार प्रदर्शन गर्ने,

(ङ) मद्यपान, धुम्रपान वा लागु औषधको कुलतमा नलाग्ने,

(च) कुनै पनि माध्यमबाट पीडितलाई असर पर्ने गरी कुनै कुरा व्यक्त गर्ने वा कुनै सामग्री प्रकाशन प्रशारण नगर्ने,

(छ) पीडितलाई त्रास वा अनुचित प्रभावमा पार्न नपाइने,

(ज) अभिभावक वा संरक्षक बिना रात बिताउने गरी अन्यत्र जान नपाउने,

(झ) थप कसूर गर्नेमा संलग्न हुन नहुने,

(ञ) पीडित छिमेकी भएमा बालबालिकालाई सो स्थानमा नराखी नातेदार वा अभिभावकले रोजेको अन्य स्थानमा राख्ने।

(२) अदालतले उपदफा (१) बमोजिम सजाय स्थगन गर्दा निर्दिष्ट गरिएका शर्त पालन गर्न कागज गराउनु पर्नेछ। निजले सजाय स्थगनको अवधिभित्र शर्त उल्ङ्घन गरेमा सजाय कार्यान्वयनका लागि बाल सुधार गृहमा पठाउनु पर्नेछ।

(३) अदालतले सजाय स्थगन गरेको अभिलेख समेत लगत किताबमा राख्नु पर्नेछ।

(४) सजाय स्थगनको अवधिभित्र बालबालिकाले शर्त उल्ङ्घन नगरेमा सो अवधि समाप्त भएपछि सजाय कार्यान्वयन भएको मानिनेछ र सजाय स्थगनको लगत कट्टा गर्नु पर्नेछ।

३५. **सजायको स्वरुप सम्बन्धमा उपयुक्त निर्णय गर्नेः** (१) अदालतले ऐनको दफा ३६ को उपदफा (५) बमोजिम सजायको स्वरुप सम्बन्धमा निर्णय गर्दा सो उपदफा अनुसार के कस्तो सजायको स्वरुप निर्धारण गर्ने हो सो कुरा फैसलामा उल्लेख गरी देहाय बमोजिमका कार्य समेत गर्ने बेहोरा खुलाउनु पर्नेछ।

(क) असल मानवीय व्यवहार सम्बन्धमा सम्झाइ बुझाइ गर्दा त्यसरी सम्झाए बुझाएको कागज गराउनु पर्नेछ।

(ख) सेवा प्रदान गर्ने संस्था वा व्यक्तिबाट अभिमुखीकरण गर्दा के कति अवधिको र कति पटक अभिमुखीकरण गराउनु पर्ने हो सो समेत खुलाइ सो को अभिलेख मिसिल संलग्न राख्नु पर्नेछ।

(ग) एकल, सामूहिक वा पारिवारिक मनोसामाजिक परामर्श सेवा उपलब्ध गराउँदा कानुनको विवादमा परेको बालबालिकाको मानसिक समस्या भए सो समेत पहिचान गरी एकल, सामूहिक वा पारिवारिक के कस्तो र के कति अवधि मनोसामाजिक परामर्श दिने हो सो समेत खुलाइ परामर्श दिएको अभिलेख राख्नु पर्नेछ।

(घ) निगरानीमा राख्दा परिवारका कुनै सदस्य, संरक्षक, विद्यालय, सेवा प्रदान गर्ने व्यक्ति वा संस्थामध्ये कहाँ र कसको निगरानीमा राख्ने हो, के कस्ता शर्त पालन गर्नु पर्ने हो र कति अवधिका लागि राख्नु पर्ने हो भन्ने समेत खुलाइ त्यसरी निगरानीमा राखिएको अभिलेख राख्नु पर्नेछ।

(ङ) बालबालिकाको उमेर सुहाउँदो सामुदायिक सेवामा पठाउँदा त्यस्तो बालबालिकालाई शारीरिक वा मानसिक क्षति नपुग्ने कुराको यकिन गरी के कस्तो सामुदायिक सेवामा कुन ठाउँमा र कति अवधिका लागि पठाउने हो सो समेत खुलाइ त्यसरी सेवा गरेको अभिलेख राख्नु पर्नेछ।

(च) ठहरेको सजाय भन्दा बढी अवधि नहुने गरी बाल सुधार गृहमा राख्दा के कति अवधि कुन बाल सुधार गृहमा राख्ने हो सो समेत खुलाइ बाल सुधार गृहमा बसेको अभिलेख राख्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सजायको स्वरुप सम्बन्धमा उपयुक्त निर्णय गरी कार्यान्वयन भएको बारे अदालतले सम्बन्धित निकाय वा अधिकारीबाट आवधिक रुपमा प्रतिवेदन लिन सक्नेछ।

(३) उपदफा (१) बमोजिम भएको सजायको स्वरुप सम्बन्धी उपयुक्त निर्णयको लगत राखी त्यस्तो सजाय स्थगन भएको वा उपयुक्त निर्णय अनुसारको कार्य सम्पन्न भएपछि लगत कट्टा गर्नु पर्नेछ।

**३६. <u>सुधार अवधि घटाउने सिफारिस गर्दाको प्रक्रियाः</u>** (१) ऐनको दफा ३८ बमोजिम बाल कल्याण अधिकारीले बाल सुधार गृहमा रहेको बालबालिकाको सो संस्थामा रहने अवधि घटाउन वा छुट दिन सिफारिस गर्दा आफू कहिलेदेखि सम्बन्धित बालबालिकाको सम्पर्कमा रहेको हो, कुन रुपबाट निजको आचरणको अध्ययन वा अनुगमन गरेको हो, पहिले निजको व्यवहार कस्तो थियो, हाल कस्तो व्यवहार रहेको छ, चालचलन वा मानवीय व्यवहार कस्तो छ, सुधार आएको भए कुन पक्षमा के कस्तो सुधार

आएको छ, कति अवधि घटाउनु पर्ने हो भन्ने आवश्यक कुरा खुलाउनु पर्नेछ। सो सिफारिस गर्नुअघि बालसुधार गृहका वार्डेनको राय समेत लिई निजको राय सिफारिस साथ संलग्न राख्नु पर्नेछ।

(२) बाल सुधार गृहमा नरही अन्य कुनै संस्था, व्यक्तिको संरक्षण वा निगरानीमा रहेको बालबालिकाको हकमा उपदफा (१) बमोजिम सिफारिस गर्दा देहाय बमोजिमका अवस्था रहेको वा नरहेको खुलाउनु पर्नेछः-

(क) नियमित रुपमा विद्यालय गए नगएको,

(ख) कुनै पेसा वा तालिममा संलग्न रहेकोमा सोमा निरन्तर संलग्न रहे वा नरहेको तथा अन्य आयमूलक रोजगारीमा रहे वा नरहेको,

(ग) पीडित वा निजको परिवारसँग प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सम्पर्क गरी पीडित पक्षलाई निजबाट हानि नोक्सानी हुने सम्भावना रहे वा नरहेको,

(घ) असल आचरण र मानवीय व्यवहार प्रदर्शन गरे वा नगरेको,

(ङ) कुनै पनि माध्यमबाट पीडितलाई असर पर्ने गरी कुनै कुरा व्यक्त गरे नगरेको वा सामग्री प्रकाशन प्रशारण गरे वा नगरेको,

(च) पीडितलाई त्रास वा अनुचित प्रभावमा पारे वा नपारेको,

(छ) थप कसूर गर्न संलग्न हुने संभावना रहे वा नरहेको।

(३) उपदफा (१) बमोजिम प्राप्त सिफारिस अदालतले जाँचबुझ गर्दा सिफारिसका आधारको विश्वसनीयता, वस्तुनिष्ठता र कानुनको विवादमा परेको बालबालिकाको बाबु आमा वा अभिभावक र पीडित पक्षको धारणा बुझी जाँचबुझ गर्न सक्नेछ।

(४) उपदफा (३) बमोजिम अदालतले जाँचबुझ गरिसकेपछि सुधारको अवधि घटाउने वा नघटाउने वा छुट दिने वा नदिने र सजायको अवधि घटाउने वा छुट दिने भएमा कति अवधि घटाउने वा छुट दिने हो सो को आधार र कारण सहित निर्णय गरी तदनुरुप सुधार अवधिको लगत कट्टा गर्नु पर्नेछ।

**३७. <u>बालबालिकाका सम्बन्धमा छुट्टै लगत किताब खडा गर्नेः</u>** अदालतले कानुनको विवादमा परेको बालबालिकालाई फैसला बमोजिम भएको सजाय, सजाय स्थगन र सजाय घटाएको, सजायको उपयुक्त स्वरुप निर्धारण गरेको वा छुट दिएको जस्ता कुराको गोपनीयता कायम हुने गरी अनुसूची-५ बमोजिमको छुट्टै लगत किताब खडा गरी लगत राखी सो बमोजिमको कार्य सम्पन्न भएपछि लगत कट्टा गर्नु पर्नेछ।

## परिच्छेद-१०

## विविध

३८. **बालबालिकालाई अलग वा अन्यत्र राख्नेः** (१) ऐनको दफा ४३ को उपदफा (४) बमोजिम बाल सुधार गृहमा रहेका अठार वर्ष उमेर पुगेका बालबालिकालाई अन्य बालबालिकासँग अलग राख्नु पर्दा सम्भव भएसम्म बाल सुधार गृहमा अलग ब्लक खडा गरी छुट्टै राख्नु पर्नेछ।

(२) ऐनको दफा ४४ को उपदफा (१) बमोजिम दीर्घ वा कडा रोग लागी निरन्तर उपचार गराइरहनु पर्ने, शारीरिक वा मानसिक रुपमा अशक्त वा नसालु पदार्थको कुलतमा लागेका बालबालिकालाई अन्य ठाउँमा सार्दा सम्भव भएसम्म बालबालिकाको सुधारसँग सम्बन्धित संस्था वा अस्पतालका चिकित्सकको सिफारिस अनुसारको स्थानमा के कति अवधिका लागि राख्ने हो अवधि तोकी सार्न सकिनेछ।

(३) उपदफा (२) को प्रयोजनको लागि अदालतले जिल्ला बाल न्याय समिति मार्फत लागु औषध पुनर्स्थापना केन्द्रको सूची वा यस्तै अन्य सुधार केन्द्रको सूची प्राप्त गरी सोही सूचीमा उल्लिखित स्थान वा अन्य उपयुक्त स्थानमा राख्ने आदेश दिनेछ। त्यसरी आदेश दिएकोमा बालबालिकामा आएको सुधार बारे त्यस्तो संस्थाले आवधिक रुपमा प्रतिवेदन गर्नु पर्नेछ।

३९. **बाल सुधार गृह अनुगमन गर्दा हेर्नुपर्ने कुराः** ऐनको दफा ४३ को उपदफा (३) बमोजिम अदालतले बाल सुधार गृहको अनुगमन गर्दा प्रचलित कानुन र निरीक्षण सम्बन्धी निर्देशिका, २०७६ को अनुसूची ५ मा उल्लेख भएका कुराका आधारमा गर्नु पर्नेछ।

४०. **बालबालिकालाई आवश्यक सहयोग गर्नुपर्नेः** (१) न्याय सम्पादनको क्रममा अदालतमा उपस्थित हुने बालबालिका र निजका परिवारका सदस्य वा संरक्षकलाई अदालतमा कार्यरत कर्मचारीले आवश्यक सबै सहयोग गर्नु पर्नेछ।

(२) तत्काल कानुन व्यवसायी नभएमा वा आफैंले लेख्न नजान्ने बालबालिका वा निजको परिवारका सदस्य वा संरक्षकलाई अदालतमा पेस गर्नुपर्ने सामान्य लिखतको नमुना (टेम्प्लेट) अदालतले उपलब्ध गराई सो लिखत तयार गर्न कर्मचारीले सहयोग गर्नु पर्नेछ।

(३) त्यस्ता लिखतको नमुना (टेम्प्लेट) सम्बन्धित बालबालिका वा निजको परिवारको सदस्य वा संरक्षकको जानकारी र पहुँचको लागि अदालतको वेबसाइटमा समेत राख्नु पर्नेछ।

४१. **पूरकको रुपमा कार्यविधि प्रयोग गरिनेः** (१) ऐन, नियमावली र प्रचलित अन्य कानुनका अधीनमा रही सो कानुनको पुरकको रुपमा यो कार्यविधि प्रयोग गरिनेछ।

(२) यो कार्यविधिमा रहेका कुनै कुरा प्रचलित कानुनसंग बाझिएमा कानुनका व्यवस्था नै लागू हुनेछन्।

## अनुसूची-१

(दफा १६ को उपदफा (६) सँग सम्बन्धित)

श्री...बाल अदालत...बाल इजलास

**विषयः बालबालिकाको चालचलन बारेको मासिक प्रतिवेदन पेस गरेको।**

१. ....को जाहेरीले वादी नेपाल सरकार बिरुद्ध कानुनको विवादमा परेका ...भई दायर भएको............ बाल अदालत/............इजलासमा विचाराधीन रहेको............मुद्दामा कानुनको विवादमा परेका ............को चालचलन बारे............ साल............महिनाको देहाय बमोजिमको प्रतिवेदन पेस गरिएको छ।

(क) निज नियमित रुपमा विद्यालय जाने गरेको छ वा छैन

(ख) निजले पीडित वा निजको परिवारसँग प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सम्पर्क गर्ने गरेको छ वा छैन

(ग) निजले अदालतको अनुमति बिना तोकिएको स्थान छोडेको छ वा छैन

(घ) निजले असल आचरण र मानवीय व्यवहार प्रदर्शन गरेको छ वा छैन र निजको आचरण तथा व्यवहार के कस्तो रहेको छ

(ङ) निज धुम्रपान, मद्यपान वा लागू औषधको कुलतमा लागेको छ वा छैन

(च) निजले कुनै पनि माध्यमबाट पीडितलाई असर पर्ने गरी सामग्री प्रकाशन प्रशारण गरेको छ वा छैन

(छ) निजले पीडितलाई अनुचित प्रभाव पार्न प्रयास गरेको छ वा छैन

(ज) निज अभिभावक वा संरक्षक बिना रात बिताउने गरी अन्यत्र गएको छ वा छैन

(झ) निजले थप कसूर गर्न सक्ने सम्भावना छ वा छैन

(ञ) निजको आचरणमा बिगत र हाल के कस्तो अवस्था देखिन्छ

(ट) अन्य सान्दर्भिक कुराहरु

२ यसमा लेखिएको बेहोरा ठकि साँचो छ, झुठ्ठा ठहरे कानुन बमोजिम सहुँला बुझाउँला।

प्रतिवेदन दिने व्यक्तिको नाम............

ठेगाना.............

संस्था............।

दस्तखत............

इति संवत्............साल महिना............गते.............रोज............शुभम्।

## अनुसूची-२

(दफा १७ को उपदफा (२) सँग सम्बन्धित)

### पीडित बालबालिकाको अधिकारको सूची

१. पीडित.............को अभिभावक श्री............को जाहेरीले वादी नेपाल सरकार विरुद्ध............भएको............मुद्दा यस बाल अदालत/इजलासमा दायर भएकोमा पीडित............लाई सो मुद्दाको सुनुवाइ क्रममा देहाय बमोजिम अधिकार रहने बेहोरा जानकारी गराइएको छ।

क) पीडितलाई मुद्दाका सबै चरणमा आफूले बुझ्ने भाषामा जानकारी पाउने अधिकार हुन्छ। तपाईलाई मुद्दाको प्रक्रियाका सम्बन्धमा कुनै कुरा जानकारी चाहिएमा............नं. को टेलिफोनमा सोध्न सक्नु हुनेछ।

ख) तपाईको टेलिफोन म्यासेजमा मुद्दाको सुनुवाइ हुने दिनको सूचना दिइने छ। सो दिन उक्त प्रक्रियामा आउन चाहेमा आई सहभागी हुन पाउनु हुन्छ।

ग) मुद्दाका कारबाहीमा पीडितको नाम सार्वजनिक गरिदैन। पीडितलाई यस मुद्दामा..........काल्पनिक नाम दिइएको छ।

घ) पीडकले कसूर गरेको प्रमाणबाट ठहर भएमा निजबाट अदालतले उपयुक्त रकम पीडितलाई क्षतिपूर्तिको रुपमा भराइदिने छ। यदि पीडकसँग कुनै सम्पत्ति नभएमा सो रकम राज्यबाट पाउने गरी अदालतले फैसला गर्नेछ।

ङ) पीडितलाई मनोसामाजिक परामर्श सेवाको आवश्यकता परेमा अदालतमा अनुरोध गर्नुहोला अदालतले त्यस सम्बन्धमा आवश्यक व्यवस्था गर्नेछ।

च) यस मुद्दामा तपाईको तर्फबाट सरकारी वकीलले बहस पैरवी गर्नेछन्। अलग्गै कानुन व्यवसायी राख्न चाहेमा पनि राख्न सक्नुहुनेछ।

छ) पीडितले नेपाली भाषा नबुझ्ने भएमा अदालतमा भन्नुहोला। अदालतले त्यस्तोमा कुनै शुल्क नलिई दोभाषे, साङ्केतिक भाषा विज्ञ वा अनुवादकको प्रबन्ध गर्नेछ।

ज) अनुसन्धान गर्ने निकाय वा बाल इजलासले गरेका निर्णय तथा आदेश लगायतका कागजातहरूको प्रतिलिपि लिनका लागि तपाईले कुनै शुल्क तिर्नु पर्ने छैन।

झ) तपाईलाई पीडक वा निजको पक्षबाट हुन सक्ने हानिबाट सुरक्षित हुन प्रहरी संरक्षण पाउने अधिकार हुनेछ। तपाई वा तपाईको साक्षी वा नजिकको नातेदार कुनै मानिसलाई पीडकबाट सुरक्षामा खतरा छ भने अदालतलाई जानकारी दिनुहोला। अदालतले सुरक्षाको व्यवस्था मिलाउन प्रहरीलाई आदेश दिनेछ।

ञ) तपाईको मुद्दा सुनुवाइ हुँदा जो सुकै व्यक्ति इजलासमा बस्न पाउने छैनन्।

ट) अदालतमा मुद्दाको कारबाहीका बखत पीडकबाट तपाईलाई असुरक्षा महसुस भएमा अदालतमा भन्नुहोला। यस्तो अवस्थामा निजलाई त्यहाँ नराखी निजको कानुन व्यवसायीलाई मात्र राख्ने व्यवस्था अदालतले मिलाउन सक्नेछ।

## अनुसूची-३

(दफा १९ सँग सम्बन्धित)

### सुनुवाइको सिलसिलामा कानुनको विवादमा परेका बालबालिकाका अधिकारहरू

१. कानुनको विवादमा परेका परिवर्तित नाम............को जाहेरीले वादी नेपाल सरकार विरुद्ध तपाई भएको...........मुद्दा यस बाल अदालत/इजलासमा दायर भएकोमा सो मुद्दाको सुनुवाइ क्रममा तपाईलाई देहाय बमोजिम अधिकार रहेको बेहोरा जानकारी गराइएको छ।

क) तपाई विरुद्ध लागेको आरोप, सो उपरको कारबाही, त्यसमा भएको आदेश वा निर्णयको जानकारी सिधै वा परिवार वा संरक्षक मार्फत प्राप्त गर्ने अधिकार हुनेछ। यसका लागि तपाईले यस अदालतको सम्बन्धित फाँटमा सोध्न वा ............नं. को टेलिफोनमा सोधी जानकारी लिन सक्नु हुनेछ

ख) तपाईलाई आफू विरुद्ध लागेको आरोपको प्रतिरक्षाको लागि तत्काल निःशुल्क कानुनी सहायता र अन्य आवश्यक सहयोग प्राप्त गर्ने अधिकार हुनेछ। यसका लागि अदालतको वैतनिक कानुन व्यवसायीबाट बहस पैरवी गराई पाउन यस अदालतमा अनुरोध गर्न सक्नु हुनेछ। वैतनिक कानुन व्यवसायीलाई अदालतले नै तलब दिएको हुन्छ। तपाईले कुनै रकम दिनु पर्नेछैन।

ग) तपाईको मुद्दा न्यायाधीश र समाजसेवी तथा बाल मनोविज्ञ वा बाल विशेषज्ञ सम्मिलित इजलासबाट हेरिनेछ।

घ) मुद्दाका कारबाहीको क्रममा तपाईको परिवार वा संरक्षक उपस्थित हुन चाहेमा उपस्थित हुन सकिनेछ।

ङ) बाल अदालत/इजलासबाट नियमित अदालतभन्दा छिटो फैसला गरिनेछ। तपाईको मुद्दा सामान्यतया एक सय बिस दिनभित्र फैसला हुनेछ।

च) मुद्दाको प्रक्रियामा तपाईको नाम सार्वजनिक गरिदैन। मुद्दामा वास्तविक नामको सट्टा सांकेतिक वा परिवर्तित नाम............ कायम गरिएको छ।

छ) न्यायिक प्रक्रियाका हरेक चरणमा तपाई सहभागी हुन पाउनु हुन्छ र आफ्नो भनाइ राख्न पाउनु हुनेछ। इजलासबाट सुनुवाइ हुँदा कुनै विषयमा धारणा राख्ने अवसर दिइनेछ।

च) तपाईलाई बाल इजलासबाट अन्यथा निर्णय नहुँदासम्म निर्दोष मानिनेछ। कसैले पनि तपाईलाई कसूरदार भन्न पाउने छैन।

छ) तपाईलाई आफ्नोविरुद्ध बयान दिन वा बोल्न कसैले कर लगाउन मिल्दैन। तपाईले अदालतमा कसैको डर मान्नु पर्नेछैन, सोधिएका कुरा नडराई भन्न सक्नु हुनेछ।

**अनुसूची-४**

(दफा २७ को उपदफा (३) सँग सम्बन्धित)

**मुद्दाको कार्यतालिका**

**.................................बाल अदालत /.......................... बाल इजलास**

**मुद्दाको कार्यतालिका**

**वादीः-**

**कानुनको विवादमा परेका परिवर्तित नामः-**

**मुद्दा नं.** **मुद्दाको नामः-**

| क.सं. | कारबाहीको विवरण | निर्धारित मिति | संशोधित मिति | कैफियत |
|---|---|---|---|---|
| १. | | | | |
| २. | | | | |
| ३. | | | | |
| ४. | | | | |
| ५. | | | | |
| ६. | | | | |
| ७. | | | | |
| ८. | | | | |
| ९. | | | | |
| १०. | | | | |

कार्यतालिका निर्माण गरेको मितिः

पक्षहरूको दस्तखतः सम्बन्धित अधिकृतको दस्तखतः

## अनुसूची-५

(दफा ३७ सँग सम्बन्धित)

### कानूनको विवादमा परेका बालबालिकाको सजाय सम्बन्धी लगत किताब

| सि.नं. | जाहेरवालाको नाम/परिवर्तित नाम | बालबालिकाको परिवर्तित नाम | मुद्दा नं. र मुद्दाको नाम | फैसला मिति र ठहरेको सजाय | | फैसला गर्ने अधिकारीको नाम | पीडितको नाम र पाउने क्षतिपूर्तिको विवरण | सजाय स्थगन भएको वा घटाएको शर्त सहितको विवरण | सजायको स्वरूप निर्धारण वा छुट सम्बन्धी अवधि सहितको विवरण | लगत कट्टा वा फछ्यौंटको अवस्था | लगत राख्ने कर्मचारीको नाम र दस्तखत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | बाल सुधार गृहमा बस्नु पर्ने अवधि | जरिवाना | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |

फाँटवालाः

प्रमाणीत गर्ने अधिकारीः